"पूर्वी क्षेत्रको व्यापारिक द्वार, शान्ति र सम्बृद्धिसहितको भद्रपुर शहर"

# भद्रपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भद्रपुर, झापा

१ नं. प्रदेश, नेपाल

पत्र संख्याः-

चलानी नं.:-

मिति : २०७८/०६/१३

## प्रेस-विज्ञप्ती

झापा जिल्ला भद्रपुर नगरपालिका वडा नं. ५ निवासी ११ बर्षिय बालिकालाई मिति २०७८/०६/०४ गते दिनको १२: ३० बजे ऐ. ऐ. मा रहेको मेचि बहुउदेश्यीय कृषि फर्ममा कार्यरत कर्मचारी सुनसरी जिल्ला इनरुवा न.पा वडा नं. ६ स्थायी ठेगाना भएका अनिल पौडेलले सोही कृषि फर्ममा निज बालिकाको हात पछाडी खम्वामा बाधेर चोटपटक निलडाम घाउ समेत पर्ने गरी कुटपटि गरिएको घटना प्रति अभिभावक छरछिमेकीले प्रतिवाद गरि अभिभावकले वडा प्रहरी कार्यालय भद्रपुरलाई कारवाहीका लागि लिखित निवेदन दिइएकोमा प्रहरी कार्यालयबाट सामान्य छलफल गरि दोषीलाई छडिएको विषय घटनाको भोलिपल्ट मात्र सामाजिक संजाल तथा संचार माध्यममार्फत जानकारी हुन आएकाले निज बालिकाले उचित न्याय नपाएको हुँदा नगर बाल संजाल भद्रपुरको तर्फबाट जिल्ला प्रशासन कार्यालय भद्रपुर झापा र जिल्ला प्रहरी कार्यालय, झापामा समेत लिखित निवेदन दिइएता पनि दोषी उपर कारवाही नभएको विषय प्रति भद्रपुर नगरपालिकाको गम्भीर ध्यानआर्कषण भएको छ र उक्त घटनाको दोषी उपर कानुनी कारवाहीको प्रकृया अगाडी नवढेकोमा निन्दा गर्दछ ।

निज बालिकालाई क्षतिपूर्ति सहित न्याय दिलाउन र सम्बन्धित पिडकलाई कानुन बमोजिम दण्ड सजाय गर्न सम्बन्धित पक्षलाई भद्रपुर नगरपालिका माग गर्दछ ।

जीवन कुमार श्रेष्ठ
नगर प्रमुख
भद्रपुर नगरपालिका

कार्यालय प्रमुखः ०२३-५२०७८१, कार्यालय ५२०१४८,५२००९५. Fax: 00977-23-520781,